# श्री सर्वोच्च अदालत

## रामशाहपथ, काठमाडौं

## रिट निवेदनको अनलाइन मार्फत दर्ता गर्ने प्रयोजनका लागि ल फर्म अभिलेखीकरण गर्न आउने बारेको सूचना ।

सूचना प्रकाशित मिति: २०८०।१२।१४

सर्वोच्च अदालत सूचना प्रविधि समितिको मिति २०८० साल चैत्र ७ गते बसेको बैठकको निर्णयअनुसार सर्वोच्च अदालतमा दर्ता हुने रिट निवेदनहरू अनलाइन प्रणाली मार्फत समेत दर्ता गर्न सकिने गरी प्रणाली विकास भइरहेको र उक्त प्रणाली चाँडै नै सुरुवात गर्न लागिएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ । ल फर्महरूले उक्त प्रणालीमार्फत रिट निवेदन दर्ताको प्रक्रिया अगाडी बढाउने प्रयोजनका लागि ल फर्महरू प्रणालीमा अभिलेखीकरण गर्न आवश्यक भएकोले तपसिल बमोजिमका कागजातहरू संलग्न राखी तोकिएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र भौतिक रूपमा यस अदालतको रिट दर्ता शाखामा सम्पर्क गरी वा आवश्यक सम्पूर्ण कागजातहरू इमेल onlineregistration@supremecourt.gov.np मा पठाई प्रणालीमा ल फर्म अभिलेखीकरण गर्न निवेदन पेस गर्नु हुन अनुरोध छ । सो सम्बन्धमा कुनै जिज्ञासा भएमा यस अदालतको रिट दर्ता शाखामा वा देहायका पदाधिकारीहरूलाई कार्यालय समयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ । प्राप्त निवेदनहरू प्रणालीमा अभिलेखीकरण भए पश्चात् प्रणाली सञ्चालनका लागि आवश्यक पर्ने प्रयोगकर्ता पहिचान (User ID) तथा पासवर्ड एस.एम.एस. तथा इमेलमार्फत उपलब्ध गराइनेछ । रिट निवेदनको अनलाइन मार्फत दर्ता गर्ने प्रयोजनका लागि ल फर्म अभिलेखीकरण सम्बन्धी फाराम सर्वोच्च अदालतको वेब साइट supremecourt.gov.np को **सूचना** खण्डबाट डाउनलोड गर्न सकिनेछ ।

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:**

१. ल फर्म दर्ता तथा नवीकरण सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि ।

२. कर प्रयोजनका लागि फर्म दर्ता तथा नवीकरण सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि।

३. सञ्चालकहरूको नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. कानून व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

**सम्पर्क व्यक्ति**

शा.अ. श्री विज्ञान सिंह विष्ट, रिट दर्ता शाखा (मोबाइल नम्बर ९७६७४७९०५८)

सफ्टवेयर सपोर्ट पर्सन श्री सुमित प्रधान (मोबाइल नम्बर ९७६७४७९०५९) (प्राविधिक बिषय मात्र)

२०८०।१२।१४

**उप-रजिष्ट्रार**

## रिट निवेदनको अनलाइन मार्फत दर्ता गर्ने प्रयोजनका लागि विकास भएको प्रणालीमा ल फर्म अभिलेखिकरण गर्न भर्नु पर्ने फाराम

मिति:

**श्रीमान् रजिस्ट्रारज्यू**
**सर्वोच्च अदालत,**

सर्वोच्च अदालतले प्रयोग सुरुवात गर्न लागेको रिट निवेदनको अनलाइन दर्ता गर्ने प्रणालीमा देहायको विवरण भएको ल फर्म दर्ता गरी सो को प्रयोगकर्ता पहिचान (User ID) तथा पासवर्ड उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

| | | |
|---|---|---|
| ल फर्मको पुरा नामः | नेपालीमाः | |
| | अङ्ग्रेजीमाः | |
| ल फर्मको ठेगानाः | | |
| ल फर्मको सम्पर्क नम्वरः | | |
| ल फर्मको इमेल ठेगानाः | | |

| | | |
|---|---|---|
| प्रणाली सञ्चालनका लागि सम्पर्क गर्न तोकिएको प्रमुख व्यक्तिको पुरा नाम | | ☐ वरिष्ठ अधिवक्ता<br>☐ अधिवक्ता<br>☐ अन्य |
| स्थायी ठेगानाः | | |
| सम्पर्क नम्वरः | | |
| मोबाइल नम्वरः | | |
| इमेल ठेगानाः | | |

| | | |
|---|---|---|
| प्रणाली सञ्चालनकालागि सम्पर्क गर्न तोकिएको वैकल्पिक व्यक्तिको पुरा नाम | | ☐ वरिष्ठ अधिवक्ता<br>☐ अधिवक्ता<br>☐ अन्य |
| स्थायी ठेगानाः | | |
| सम्पर्क नम्वरः | | |
| मोबाइल नम्वरः | | |
| इमेल ठेगानाः | | |

**संलग्न कागजातहरुः**

१. ल फर्म दर्ता तथा नवीकरण सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि ☐

२. कर प्रयोजनका लागि फर्म दर्ता तथा नवीकरण सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि ☐

३. सञ्चालकहरूको नागरिकताको प्रमाणित प्रतिलिपि ☐

४. कानून व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ☐

*नोटः मुद्दाको अनलाइन दर्ता गर्ने प्रयोजनका लागि सर्वोच्च अदालतबाट जारी हुने निर्देशिका/ मापदण्डका सर्तहरू पालन गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।*

**निवेदक**

दस्तखतः

नामः

कार्यालयको छापः